# उच्च माध्यमिक शिक्षा परिषद्
## सानोठिमी भक्तपुर

## सूची दर्ता सम्बन्धी सूचना !

प्रकाशित मिति २०६७/०२/१२

यस उच्च माध्यमिक शिक्षा परिषद्को लागि आर्थिक वर्ष २०६७/०६८ मा आवश्यक पर्ने तपसिलमा उल्लेखित कार्य गर्न योग्य इच्छुक व्यक्ति, फर्म, कम्पनी, संघसंस्थाबाट मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र (भ्याट/प्यान), उद्योग दर्ता आ.व. ०६६/६७ मा नविकरण भएको प्रमाणपत्र, पेशागत तथा प्राविधिक योग्यताका पत्र साथै विगतमा कार्य सम्पादन गरेको कार्य अनुभव पत्रहरु नोटरी पब्लिकबाट प्रमाणित गरी प्रमाणिकरण गर्नेको प्रमाणपत्रको प्रतिलिपि १/१ प्रति संलग्न गरी सूची दर्ताको लागि यो सूचना प्रकाशित भएका मितिले १५ दिनभित्र प्रष्ट ठेगाना सहित छुट्टा छुट्टै निवेदन दर्ता गराउन सार्वजनिक खरिद नियमावली २०६४ को नियम १८ को प्रयोजनार्थ यो सूचना प्रकाशित गरिएको छ रित नपुगी तथा म्याद नाघी प्राप्त हुन आएको दरखास्तलाई मान्यता दिइने छैन । सूची दर्ता भएका फर्म, संघ संस्था, कम्पनीको छनौट सम्बन्धी निर्णय नियमानुसार हुनेछ ।

<u>तपसिल :</u>

१. भवन निर्माण तथा मर्मत

२. कार्यालय सामान (स्टेशनरी सामान) आपूर्ति

३. सवारी साधनको पार्टपुर्जा, ट्यूव टायर, स्पेयर पार्टस आपूर्ति तथा मर्मत

४. ढुवानी सम्बन्धी कार्य (माइक्रोबस, बस, ट्रक टाटा मोबाइल आदि)

५. विद्युतीय औजार साथै इलोक्ट्रोनिक सम्बन्धी सामान (कम्प्युटर, प्रिन्टर, फ्याक्स, फोटोकपीमेसिन, जेनेरेटर, A.C, CCTV, स्टेवलाइजर/ट्रान्सफरमर) आपूर्ति तथा मर्मत

६. छपाई सम्बन्धी कार्य

७. फर्निचर तथा फर्निसिङ्ग आपूर्ति तथा मर्मत

८. कुरीयर सेवा प्रदान (आन्तरिक र बाह्य)

९. टेलिफोन, नेटवर्क मर्मत सम्बन्धी

१०. Software खरिद, निर्माण र Networking Service Update सम्बन्धी कार्य

११. परामर्श सेवा/ निर्माण

१२. सवारी साधन (गाडी+मोटरसाईकल)

१३. बाह्य तथा आन्तरिक हवाई टिकट आपूर्ति

उपरोक्त कार्यबाहेक अरु कुनै कामको लागि कसैले उपरोक्त सूचनाको अधिनमा रही सूचीकृत हुन चाहेमा निवेदन दिन सक्नेछ ।

उपरोक्त अनुसार सूचीकृत गराउन दिने व्यक्ति, फर्म कम्पनी, संघ, संस्था (गैरसरकारी संस्थासमेत) ले खाममा कुन कार्यका लागि निवेदन दिएको हो सो को व्यहोरा खाममा खुलाउनुपर्नेछ । निवेदन दिनेले एक भन्दा बढी कामका लागि निवेदन पेश गरेमा छुट्टा छुट्टै खाममा पेश गर्नुपर्नेछ ।

**उच्च माध्यमिक शिक्षा परिषद्**
**प्रशासन महाशाखा**
**सानोठिमी, भक्तपुर**
**फोन नं ६६३०८४८**